नेपाल सरकार

# राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

(राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ अन्तर्गत स्थापित)

केन्द्रीय कार्यालय

कीर्तिपुर, काठमाडौं

प.सं:

च.नं:

## क्याफे वारिष्ता तालिममा सहभागी हुन इच्छुकहरुको लागि आवेदन दिने सम्बन्धी सूचना

## दोश्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/०९ गते

राष्ट्रिय चिया तथा कफी विकास बोर्डको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुको सिप विकास तथा क्षमता अभिबृद्धि गर्ने उदेश्यले तपशिल बमोजिमको तालिम कार्यक्रम संचालन गरिने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकले निवेदन पेश गर्न भनि मिति २०८२/०९/२४ गते १५ दिने सूचना प्रकाशित गरी आवेदन माग गरीएकोमा थप सात दिनका लागि म्याद थप गरीएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

**तालिमको नाम र तालिम संचालन हुने स्थानः**

१. तालिमको नामः Youth Focused Coffee Roastery and Barista Training with Supporting Business Plan Development

२. तालिम सञ्चालन हुने स्थान - नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM), रविभवन, काठमाण्डौ

**न्यूनतम आवश्यक योग्यता**

- उमेरः १८ देखि ३५ वर्षसम्म
- शिक्षाः न्युनतम एस.एल.सि वा एस.इ.इ वा सो सरह उत्तीर्ण

**प्राथमिकताका आधारहरू**

- वैदेशिक रोजगारबाट फर्किएका आवेदकहरू
- कफी उद्योग व्यवसायमा संलग्न रही कार्य गर्दै आएका आवेदकहरू
- पर्यटकीय क्षेत्र (स्वदेशी तथा विदेशी लक्षित) मा व्यवसाय संचालन गरिरहेका आवेदकहरू
- महिला, अपाङ्ग, जनजाति, मधेशी तथा दलित समुदाय र पिछडिएको वर्गको प्रतिनिधित्व गर्ने आवेदकहरू।

तालिममा सहभागीलाई कुनै पनि किसिमको यातायात खर्च वा दैनिक भ्रमण भत्ता उपलब्ध नहुने भएकाले निशुल्क तालिम लिन इच्छुक सहभागीहरूले तोकिएको ढाँचामा निवेदन तयार गरी बोर्डको कार्यालय काठमाडौं वा ईमेलः planning.ntcdb@gmail.com मार्फत बुझाउन सकिन्छ । निवेदन साथ संलग्न गर्नुपर्ने कागजात र सो सम्बन्धी अन्य विवरण बोर्डको वेवसाइट www.teacoffee.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

फोन नं.: ०१-५९०७१०४, ५९०७१०८, ५९०७१०९, ५९०७१२०

इमेलः info@ntcdb:gov.np, वेभसाइटः www.teacoffee.gov.np

CamScanner

## निवेदनको ढाँचा

मितिः

श्रीमान कार्यकारी निर्देशकज्यू,
राष्ट्रिय चिया तथा कफी विकास बोर्ड,
केन्द्रीय कार्यालय, कीर्तिपुर ।

महोदय,

राष्ट्रिय चिया तथा कफी विकास बोर्डको मिति........................ गते प्रकाशित सूचना अनुसार संचालन हुने Youth Focused Coffee Roastery and Barista Training with Supporting Business Plan Development कार्यक्रममा सहभागी हुन इच्छुक रहेको हुँदा निम्नानुसार व्यक्तिगत विवरण र माग भए बमोजिमका कागजातहरू संलग्न गरी तालिममा सहभागी गराइदिनु हुन अनुरोध गर्दछु।

१. निवेदकको नामः

२. निवेदकको ठेगाना :

स्थायीः

अस्थायीः

सम्पर्क नम्बर :

इमेल :

३. उमेरः

४. लिङ्गः

५. बैवाहिक स्थितिः

६. शैक्षिक योग्यताः

७. हालको पेशाः

८. संलग्न संस्था

९. यो तालिम लिन चाहानुको मुख्य कारणः

..................................................................................................................

..................................................................................................................

....................................................................................................

तालिम अबधीभरी नियमित उपस्थित भई सक्रिय रुपमा सहभागी हुनेछु र तालिममा हासिल गरेको ज्ञान/सिपलाई उद्यम/व्यवसाय/रोजगारीमा प्रयोग गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु।

............................

निवेदक

नामः

ठेगानाः

CS CamScanner

संलग्न गर्नुपर्ने कागजातहरू

- नागरिकताको प्रतिलिपि
- एस.एल.सी. वा एस.ई.ई को प्रमाणपत्र
- कफी मुल्य शृंखलाहरुमा कार्य गरेको अनुभव भए वा तालिम लिएको भए सोको विवरण खुल्ने कागजातको प्रतिलिपी
- वैदेशिक रोजगारबाट फर्किएको भए सो सम्बन्धी कागजातको प्रतिलिपी
- होटल व्यवसाय संचालन गरिरहेको भए व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी
- अपाङ्ग, महिला, दलित, जनजाति, मधेशी, पिछडिएको वर्गको भए नेपाल सरकारका विभिन्न निकायहरुबाट प्राप्त पहिचान खुल्ने कागजपत्रहरु
- आन्तरिक वा बाह्य पर्यटकीय स्थल/क्षेत्रमा व्यवसाय संचालन गरेको भए सोको विवरण/खुल्ने कागजात

CamScanner